# मिति २०७७ असार २९ गते बसेको जिल्ला बिपद् व्यवस्थापन समितिको बैठकका निर्णयहरु

१. मनसुनको प्रभाव र रोकथामका लागि तयारी अवस्थाका बारे सवै सरोकारवाला निकायहरुबाट बैठकमा जानकारी गराइयो ।

२. १५ वटै पालिका र जिल्ला स्थित कार्यालयहरुले अनिवार्य सम्पर्क व्यक्ति तोकी बिपद् सम्बन्धी सूचना दैनिक रुपमा जिल्ला आपतकालीन कार्य संचालन केन्द्र (DEOC) मा जानकारी गराउने निर्णय गरियो ।

३. झापा जिल्लामा बर्षातको समयमा डुवान कटानले अत्यावधिक क्षती पुऱ्याउने भएको हुँदा तत्काल नदिहरुलाई Channalize गर्न Heavy Equipment (जस्तैः डोजर एस्काभेटर) उपलब्ध गराइ दिन बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिमा अनुरोध गर्ने निर्णय गरियों ।

४. नेपाल सरकारको निर्णय अनुसार असार देखि भाद्र मसान्त सम्म नदिजन्य सामाग्री उत्खनन नगर्ने कानूनी व्यवस्था पुर्ण रुपमा पालना गर्ने गराउने निर्णय गरियो ।

५. पशुहरुमा फैलिएको Lumpy Skin Disease बारे सतर्कता अपनाउने सम्बन्धमा सबै पालिकाहरुलाई जानकारी गराउने र सर्वसाधारण किसानहरुलाई सर्तक रहन स्थानीय पत्रपत्रिका, रेडियो, एफ.एम मार्फत सूचना प्रशारण गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।

६. बर्षायाममा राजमर्ग र सहायक राजगमार्गहरुमा रुखहरु ढली बाटो अवरोध भई आवतजावतमा कठिनाइ उत्पन्न हुने हुँदा त्यस्ता रुखहरु नियमानुसार तत्कालै व्यवस्थापन गर्न जिल्ला बन कार्यालयलाई अनुरोध गर्न निर्णय गरियो ।

७. टेलिफोन, बिद्युत इन्टरनेट लगायतका अत्यवाश्यक सेवाहरु अवरोध हुन नदिन सेवा प्रदायक निकायहरुलाई अनुरोध गर्न निर्णय गरियो ।

८. श्री गृह मन्त्रालयको बिपद् जोखिम न्यनीकरण तथा पुनर्लाभ शाखाको च.न. ३१३ मिति २०७७/०३/२८ को पत्र बर्षातको समयमा आउने बाढी डुवान तथा कटानबाट कुनै बस्ती प्रभावित भई अस्थायी रुपमा सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने भएमा त्यस्ता स्थानहरुको पहिचान गरी तयारी अवस्थामा रहन सम्बन्धीत स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

९. हालैको बर्षातका कारण देहायका नाम ठेगाना भएका व्यक्तिहरु विपद्मा परि मृत्यू हुनु भएकोमा परिवारजनमा हार्दिक समबेदना प्रकट गर्दै उँहाहरुलाई नेपाल सरकारको मापदण्ड अनुसार तत्कालै राहत स्वरुप रु १,००,०००/- रुपैया उपलब्ध गराउने निर्णय गरियो ।

| | |
|---|---|
| १. दुर्गा बहादुर खपागीं | अर्जुनधारा न.पा. वडा नं.-०२, झापा । |
| २. अनुसा टुडू | बाह्रदशी गा.पा. वडा नं.-०६, झापा । |
| ३. सम्यम विष्ट | शिवसताक्षी न.पा वडा नं.-०८, झापा । |
| ४. पुष्प राई | कमल गा.पा. वडा नं.-०५, झापा । |
| ५. राजेश गणेश | झापा गा.पा. वडा नं.-०५, झापा । |

१०. यस जिल्लामा आ.व ०७६/७७ मा भएका दैवि प्रकोपका घटनाबाट पिडित ४७ जना व्यक्तिहरुलाई तत्काल राहत स्वरुप वितरण गरिएको रकम रु ५८००००।- अनुमोदन गर्ने निर्णय गरियो ।

११. श्री गृह मन्त्रालय बिपद् शाखाबाट तत्काल DEOC को लागि राहत तथा खोज उद्धार सामाग्री खरिदको लागि प्राप्त रकम दुईलाख मध्येबाट निम्न सामाग्रीहरु खरिद गरिएको रकम अनुमोदन गरियो ।

| | | | |
|---|---|---|---|
| ✓ व्याकव्याक आगोनिभाउने यन्त्र | -२ वटा | ✓ झम्पल | -२ वटा |
| ✓ बेल्चा | -४ वटा | ✓ बन्चरो | -२ वटा |
| ✓ गैति | -४ वटा | ✓ आरा | -२ वटा |
| ✓ फरुवा | -४ वटा | ✓ व्याङ्टेट | -७ वटा |
| ✓ हम्बर | -२ वटा | ✓ म्याट | -१ रोल |
| ✓ पिलास | -२ वटा | ✓ त्रिपाल | -२० थान |
| ✓ गम्बुट | - १७ जोर | ✓ पन्जा | -१७ जोर |

१२. विश्वव्यापी रुपमा देखा परेको कोरोना महामारीको रोकथाम तथा नियन्त्रण कार्यमा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम कोरोना कोषबाट देहायको कार्यको लागि देहाय बमोजिम भएको खर्च अनुमोदन गरियो ।

<u>प्रदेश सरकारको पत्र अनुसार प्राप्त रकम मध्ये :-</u>

| | | |
|---|---|---|
| ✓ शसस्त्र प्रहरी | - | रु ५,००,०००।- |
| ✓ जिल्ला प्रहरी कार्यालय | - | रु ५,००,०००।- |
| ✓ नेपाल सेना | - | रु १०,००,०००।- |
| ✓ जिल्ला प्रशासन कार्यालय | - | रु १,००,०००।- |
| ✓ व्याङ्टेट, झुल, सिरानी, म्याटरेस खरिद कार्यको लागि | | रु ३,८९,३५०।- |
| ✓ गाडी भाडा (होल्डीङ्ग एरिया तथा विभिन्न जिल्लाहरुमा मानिस लैजाने कार्यको लागि) | | रु ६,५०,०००।- |
| ✓ दमक मानसरोवर होल्डिङ्ग एरियाको खाना र खाजा खर्चवापत दमक न.पा.लाई भुक्तानी | - | रु ३,१७,६००।- |
| ✓ मेची क्याम्पस होल्डिङ्ग एरियामा (खाना, खाजा, पकाउने कार्य, सरसफाईका सामान लगायतका सम्पूर्ण व्यवस्थापनका कार्य र मास्क, स्यानिटाइजर, डिसइन्फेक्सन कार्यमा पेश्की रकमबाट भएकोसमेत खर्चहरु) | - | रु ११,०८,९९०।- |
| **कुल जम्मा** | - | रु ४५,६५,९४०।- |